# बचत तथा ऋण सहकारी संस्थाले अनिवार्य पेश र पालना गर्नपर्ने

# बचत तथा ऋण परिचालन नीति


प्रकाशक

**बेथानचोक गाउँपालिका**

बागमती प्रदेश, काभ्रेपलाञ्चोक

नेपाल

# ................. सहकारी संस्था लिमिटेड

# बेथानचोक ........., काभ्रेपलाञ्चोकको

# बचत तथा ऋण परिचालन नीति – २०......

..................... सहकारी संस्था लि. को मिति २०७....।....।..... मा सम्पन्न दोश्रो प्रारम्भिक भेलाले विनियमको उद्देश्य तथा कार्यहरु गर्न देहाय बमोजिम "बचत तथा ऋण परिचालन नीति २०७..." को तर्जुमा गरेको छ

## परिच्छेद –१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) बचत तथा ऋण नीतिको नाम ..................... सहकारी संस्था लि., बेथानचोक- .... को बचत तथा ऋण नीति २०........रहने छ ।

(ख) यो नीति संस्थाका सम्पूर्ण शेयर सदस्यहरु उपर लागू हुनेछ ।

(ग) यो नीति संस्थाको प्रारम्भिक साधारण सभा वा अन्य बार्षिक वा विशेष साधारण सभाबाट पारित भए पछि लागू हुनेछ ।

### २. परिभाषा :

(क) **"विनियम"** भन्नाले ....................... सहकारी संस्था लि., बेथानचोक-......., को विनियम २०.... सम्झनु पर्दछ ।

(ख) **"बचत "** भन्नाले संस्थाको सदस्यहरुले संस्थामा ब्यक्तिगत खाता खोली जम्मा गरेको र मागेको बखतमा निर्धारित प्रक्रिया पुर्‍याई ब्याज सहित सदस्यलाई फिर्ता गर्नुपर्ने रकम सम्झनु पर्दछ ।

(ग) **"ऋण"** भन्नाले संस्थासंग निश्चित मिति भित्र सांवा ब्याज सहित फिर्ता गर्ने गरी तमसुक गरी लिएको रकम संझनु पर्दछ ।

(घ) **"समिति"** भन्नाले संस्थाको सञ्चालक समिति संझनु पर्दछ ।

(ङ) **"उप-समिति"** भन्नाले संस्थाको विनियम अनुसार कुनै खास जिम्मेवारी वहन गर्न खास समयमा सञ्चालक समितिद्वारा गठित कुनै उपसमिति सम्झनु पर्दछ ।

(च) **“संस्था”** भन्नाले ......................................... सहकारी संस्था लि. संझनु पर्दछ ।

(छ) **“ऐन”** भन्नाले संघीय सहकारी ऐन, २०७४ तथा बेथानचोक गाउँपालिकाको सहकारी ऐन, २०७६ संझनु पर्दछ ।

(ज) **“नियमावली”** भन्नाले संघीय सहकारी नियमावली, २०७५ तथा बेथानचोक गाउँपालिकाको सहकारी नियमावली सम्झनु पर्दछ ।

## परिच्छेद –२

## बचत तथा ऋण परिचालन सम्बन्धी सामान्य व्यवस्था

(क) **बचत निक्षेप संकलन** : संस्थाले देहाय वमोजिमको बचत सदस्यहरुवाट संकलन गर्न सक्नेछः-

(१) सदस्यले साधारण वचतको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा आफूले कबुल गरेको बचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नुपर्नेछ । यस्तो नियमित बचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको बचत तथा ऋण नीतिको अधिनमा रही तीन महिना भन्दा वढी समयका लागि मुद्दती खातामा आवधिक वचतको रुपमा रकम जम्मा गर्न सक्नेछ र सो रकममा संस्थाले तोकेको ब्याज आवधिक रुपमा प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा (१) वमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण वचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था वचत तथा ऋण नीतिको अधिनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(४) संस्थाले शेयर पूँजीको बढीमा १० गुणा सम्म मात्र सदस्यहरुबाट बचत संकलन गर्नेछ ।

(५) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी बचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्ने छैन ।

(६) संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र सीमित रही गर्नेछ ।

(७) संस्थाले गैह्र सदस्यसंग बचत तथा ऋणको कारोवार गर्नेछैन ।

(८) संस्थाले सहकारी बैंक र सहकारीका संघहरु बाहेक प्राकृतिक व्यक्तिसंग मात्र बचत तथा ऋणको कारोवार गर्नेछ ।

(९) सामान्यतया कुनै सदस्यबाट एकमुष्ट आवधिक बचत स्वीकार गर्दा संस्थाले त्यस्ता सदस्यको शेयर र बचत निक्षेपको अनुपात १:१० हुने गरी गर्नेछ ।

(ख) **ऋण लगानी :**

(१) कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले सदस्यको सदस्यता, बचत निक्षेप रकम, सदस्यहरूको जमानी वा अन्य स्वीकृत धितोको आधारमा ऋण लगानी उपसमिति समेतको सिफारिसमा ऋण प्रदान गर्नेछ ।

(३) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको १० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको साँवा र ब्याज पुरै भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्नेछैन । प्राथमिक पूँजी भन्नाले संस्थाको शेयर पूँजी, रकम तथा जगेडा कोषलाई सम्झनुपर्छ ।

(५) समितिले सदस्यलाई ऋण प्रदान गर्दा प्रदान गरिने ऋण रकमको कम्तिमा दोब्बर मूल्य बराबरको जायजेथा धरौटी राखी वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण लगानी गर्नेछ । तर समितिलाई औचित्यताको आधारमा सामूहक जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एका सगोलका परिवारका सदस्यको नाममा रहेको जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण लगानी गर्नेछैन ।

(७) सामान्यतः संस्थावाट एकै अवधिमा संस्थाका संचालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुले ऋण लिन सक्नेछैनन् ।

(८) सदस्यले जुन उद्देश्यका लागि संस्थाबाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्नुपर्नेछ ।

(९) संस्थाले संचालक समिति, लेखा समिति तथा ऋण लगानी उप-समितिका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋणको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(१०) ऋण लगानी प्रक्रियामा सदस्य एवं पदाधिकारी वीच कुनै किसिमको विभेद गरिने छैन ।

(११) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाब गर्नु पर्नेछ ।

**(ग) ऋणको किसिम :**

साधारण सभाले अनुमोदन गरेको ऋण नीतिको अधीनमा रही समितिले समय–समयमा ऋणको किसिम तोक्न सक्नेछ । सामान्यतया ऋण लगानी देहायका क्षेत्रमा गरिनेछ ।

१ कुनै उद्योग व्यवसाय सञ्चालन गरी आर्थिक उन्नति हुने कार्यमा,

२ बढी मुनाफा, कम लगानी र कम जोखिम हुने क्षेत्रमा,

३ स्थानीय उत्पादनमा अभिवृद्धि ल्याउने कार्यमा ,

४ उत्पादन मूलक व्यवसायका क्षेत्रहरुमा,

५ अपर्झटरुपमा आईपर्ने सेवामूलक कार्यहरुमा ।

६. संस्थाले आवश्यक देखी निर्णय गरेका शीर्षकमा ।

(घ) **ऋण नोक्सानी कोषको व्यवस्था :**

(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम ३ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ:

| क.सं. | ऋणको वर्गीकरण | भाखा नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाका ननाघेको | १ प्रतिशत |
| २ | शंकास्पद ऋण | १ वर्ष सम्म भाका नाघेको | ३५ प्रतिशत |
| ३ | खराव ऋण | १ वर्ष भन्दा बढी भाका नाघेको | १०० प्रतिशत |

(२) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष श्रावण महिना भित्र सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा विवरण पेश गर्नेछ ।

(३) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्नेछैन ।

(४) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण लगानी गर्नेछ

(ङ) **बचत निक्षेप तथा ऋण लगानीको रकममा ब्याज :**

(१) संस्थाले बचतमा प्रदान गर्ने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याज दर भन्दा अस्वाभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋण लगानीको कारोबार गर्नेछैन ।

(३) संस्थाले सदस्यको बचतमा दिने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको अन्तर औसत ६ प्रतिशत भन्दा बढी हुनेछैन ।

(४) समितिले सदस्यको विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ साधारण सभाले अनुमोदन गरे अनुरुप ऋण नीतिमा उल्लेख भए वमोजिम ऋणको किसिममा ब्याज तोक्नेछ ।

(५) संस्थाले बचत, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्यविधिहरु वचत तथा ऋण नीतिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो वचत तथा ऋण नीति साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ ।

(६) संस्थाले साधारण सभाबाट अनुमोदित बचत तथा ऋण नीति सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(८) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(९) संस्थाले व्याजदर परिवर्तन गरेमा सो को विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी सूचना गर्नेछ । संस्थाले परिवर्तित व्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिन भित्र सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(१०) संस्थाले सदस्यहरुका बीच लाभांश बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसाबमा खर्च लेखी ब्याज मुल्तवी हिसाबमा जम्मा गर्नेछ ।

(च) **विलम्ब शुल्क :**

(१) सदस्यले संस्थाबाट लिएको ऋणको साँवा र व्याज तोकिएको अवधिमा नै तोकिए बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

(२) सदस्यले उपदफा (१) बमोजिम ऋणको साँवा र व्याज भुक्तानी नगरेमा देहाय वमोजिमको अवधिको लागि देहाय वमोजिमको रकम विलम्व शुल्क वापत तिर्नुपर्नेछः-

(क) प्रथम महिनाको लागि एक प्रतिशत

(ख) दोश्रो महिनामा डेढ प्रतिशत

(ग) तेश्रो महिनामा दुई प्रतिशत

(३) उपदफा (२) मा उल्लेखित भन्दा बढी अवधिको लागि ऋण नीतिमा उल्लेख भए बमोजिम विलम्ब शुल्क लाग्नेछ । तर ऋणीको आर्थिक स्तर र अवस्था हेरी समितिले तोके बमोजिम विलम्ब शुल्क छुट दिन सक्नेछ ।

(छ) तरलता :

(१) संस्थाले कुल बचत रकमको कम्तिमा १५ प्रतिशत रकम तरलताको रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात, मुद्दति हिसाब र सरकारी ऋण पत्रमा गरेको लगानीलाई समेतलाई तरल सम्पत्ति मानिनेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको तरलता रकम मध्ये कम्तिमा पाँच (५) प्रतिशत नगद मौज्दात राख्नु पर्नेछ । अनिवार्य रुपमा राख्नु पर्ने यस्तो नगद मौज्दात सहकारी बैंक, एवं अन्य बैंक वा वित्तीय संस्थाहरुमा राखिएको मुद्दती हिसाबलाई समेत समावेश गरी गणना गरिनेछ ।

(३) संस्थाले तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मान्नेछ ।

(४) संस्थाले तरलता समेत खुलेको कारोवार सम्वन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(५) संस्थाले तरलता सम्बन्धी विवरण समेतको प्रतिवेदन सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा प्रत्येक ६ महिनामा पेश गर्नेछ ।

## परिच्छेद २

## बचत तथा ऋण परिचालन सम्बन्धी विशेष व्यवस्था

(ज) **बचत सङ्कलन गर्न सक्ने :**

(१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देजअन्तर्गत सदस्यहरूबाट बचत सङ्कलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन निर्देशिकामा अन्य कुराका अतिरिक्त संघीय सहकारी ऐन, २०७४ को दफा ५८, ५९, ६०, ६१ र ६२ का व्यवस्थाका साथै देहायका शर्त-बन्देजहरू समावेश गरिनेछन् :

(क) योजनाको उद्देश्य फारु गर्ने बानी बसालेर अड्कोफड्को टारी ऋणग्रस्त हुनुबाट बच्नुका साथै पाँच-सात वर्षभित्रै जेथा जोड्न सक्ने बन्ने हुनुपर्ने;

(ख) सदस्यहरूबाट मात्र बचत सङ्कलन गर्नुपर्ने;

(ग) बचत समयमा नगरेमा जरिवाना लगाउन नपाइने,

(घ) सदस्यहरूको बचत खातामात्र खोल्न सकिने;

(ङ) सदस्यहरूले संस्थामै आई बचत जम्मा गर्नुपर्ने; संस्थाले बजार प्रतिनिधि वा अन्य कुनै नामको प्रतिनिधि, अभिकर्ता वा कर्मचारी सदस्यहरूको घर-घरै खटाएर बचत उठाउन नहुने;

(च) आर्थिक सुरक्षाको न्यूनतम स्तरको रूपमा दुई महिनाको पारिवारिक निर्वाह खर्चको रकम रु. १५,७३०।- भन्दा बढी बचत राख्ने सदस्यले त्यसपछिको प्रत्येक रु. १,०००।- का लागि थप एक सेयर खरिद गर्नुपर्ने;

(छ) ऐनबमोजिम तोकिएको सन्दर्भ व्याजदर अनुसार बचत तथा ऋणको व्याजदर निर्धारण हुने

(ज) ऋणमा व्याज पूँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी साउँ रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशतसम्म हर्जाना लिन सकिने ।

र

(झ) विषयगत बचत तथा ऋण संस्थाको हकमा वचत गरिने रकममा सीमा नहुने तर अन्य सहकारी संस्थाको हकमा महिनामा १०००।- रुपैया भन्दा बढी नियमित बचत गर्न पाइने छैन ।

(झ) **बचत सङ्कलनमा सीमा :**

(१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि प्राथमिक पुँजी कोषको गणना गर्दा सेयर पुँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ३० प्रतिशत लिइनेछ ।

(२) संस्थाको जम्मा बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिएबमोजिम वार्षिक सदस्यतर्फी खरिद वा विक्री कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी हुने छैन ।

(ञ) **ऋण दिन सक्ने :**

(१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य कुनै सीमासम्मको रकम छुट्ट्याएर सदस्यहरूलाई देहाय बमोजिम ऋणको रूपमा दिन सक्नेछ:

(क) सदस्यको व्यक्तिगत बचतको तीन गुनासम्म आफ्नै बचतको सुरक्षणमा र

(ख) सदस्यको व्यक्तिगत बचतको छ गुनासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा ।

तर यस उपदफा बमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रु. १ लाखभन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समूहको जमानीबिना वा रु. १ लाखभन्दा बढी रकम ऋण लिन चाहेमा चल-अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारीमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, कर्मकाण्ड वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रूपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।

(ट) **ऋण प्रवाहमा सीमा :**

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई संघीय सहकारी ऐन, २०७४ को दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्था पछिको लगानीयोग्य रकमको आधा प्रतिशतभन्दा बढी ऋण दिन सकिने छैन । तर लगानीयोग्य रकम रु. ६० लाख नपुग्दासम्म यो बन्देज लागू हुने छैन ।

(२) उपदफा (१) को अधीनमा रही कुनै सञ्चालक वा लेखा तथा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारण सभाले बेला-बेलामा तोकिदिए बमोजिम हुनेछ ।

(ठ) **ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने :**

संस्थाले सङ्कलन गरेको बचतको रकम संघीय सहकारी ऐन, २०७४ को दफा ५७ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देजअन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन ।
तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलता बापत नगदै राख्न वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन ।

(ड) **साधारण सभाको स्वीकृति लिनुपर्ने :**

समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकूल नहुने गरी साधारण सभाको स्वीकृति लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त-बन्देजहरू फेर्नु पर्दा;
(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घरलगायतका अचल सम्पत्ति खरिद गर्नुपर्दा र
(ग) व्यवस्थापकको तलब वा सुविधा बढाउनु पर्दा ।